वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY

राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १९२ | २०८३ मंसिर ०६ गते आइतबार, नेपाल सम्वत् ११४७ November 22, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



जलाइएका सरकारी सवारी साधान

गत वर्ष भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलनका क्रममा जलाइएका जिल्ला प्रशासन कार्यालय तनहुँका सवारीसाधान । जलेर पुनः प्रयोगमा ल्याउन नसक्ने अवस्थामा रहेका यी सवारी साधान हालसम्म पनि कार्यालय परिसरमै असुरक्षित थन्किएका छन् । आन्दोलनका क्रममा जलाइएको कार्यालय भवन भने रेक्ट्रोफिटिङ प्रविधिबाट पुनःनिर्माण भइरहेको छ ।

तस्विर : नारायण खड्का/भञ्ज्याङ

कृषिउपजको मूल्य बढाउँदै कृषि उद्यम, ११ संस्थालाई प्रशोधन उपकरण र अनुदान

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँमा उत्पादित मकै, अदुवा, बेसार र महलगायत कृषिउपजलाई प्रशोधन, प्याकेजिङ र ब्राण्डिङ गरी बजारसम्म पु-याउने उद्देश्यले सञ्चालित कृषि उद्यम विकास कार्यक्रमबाट १०८ जना कृषक तथा कृषि उद्यमी लाभान्वित भएका छन्। कार्यक्रमले किसानलाई उत्पादनमा मात्र सीमित नराखी उत्पादित वस्तुको मूल्य अभिवृद्धि गर्दै व्यावसायिक उद्यमसँग जोड्ने प्रयास गरेको छ ।

कृषि विकास कार्यालय तनहुँले सञ्चालन गरेको कार्यक्रमअन्तर्गत जिल्लाका ११ वटा कृषि फार्म, कृषक समूह तथा कृषि सहकारीलाई उत्पादनपछिको प्रशोधन, लेबलिङ, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरणका लागि अनुदान तथा उपकरण सहयोग गरिएको हो । लाभान्वितमध्ये ६८ जना महिला रहेका छन् ।

कृषि विकास कार्यालयका प्रमुख परशुराम अधिकारीका अनुसार कार्यक्रमका लागि १३ लाख रूपैयाँ बजेट विनियोजन भएकामा नौ लाख ८१ हजार रूपैयाँ खर्च भएको छ। कार्यक्रममार्फत स्थानीयस्तरमा उत्पादित कृषिउपजलाई आफ्नै पहिचान र ब्राण्डसहित बजारमा पु-याउने वातावरण निर्माण गर्न खोजिएको उनले बताए ।

कृषिउपजको उत्पादनपछि प्रशोधन र बजार व्यवस्थापनमा देखिएको समस्यालाई सम्बोधन गर्न विभिन्न उपकरणसमेत उपलब्ध गराइएको छ । कार्यालयले चारवटा डिजिटल तराजु, एउटा रोष्टिङ उपकरण, नौवटा सिलर, तीनवटा डिस्क मिल, एउटा तोरी पोल्ने मिल, दुईवटा स्लाइसर र चारवटा कम्बाइन मिल सहयोग गरेको छ।

त्यसैगरी बोक्रा तास्ने, कनिका झार्ने, ब्याग लेबलिङ गर्ने र कृषिउपज सुकाउने उपकरण पनि उपलब्ध गराइएको अधिकारीले जानकारी दिए। उपकरणको प्रयोगबाट स्थानीय उत्पादनको प्रशोधन, ग्रेडिङ, तौल, प्याकेजिङ तथा लेबलिङ गर्न सहज भएको छ ।

कार्यक्रमबाट विशेषगरी मकै, अदुवा, बेसार र महलगायत कृषिउपजको प्रशोधन तथा बजारीकरणलाई प्राथमिकता दिइएको छ । कच्चा कृषिउपजकै रूपमा बिक्री गर्दा सीमित मूल्य पाउने किसानले प्रशोधन र प्याकेजिङपछि आफ्नै उत्पादनलाई बजारमा फरक पहिचानसहित बिक्री गर्न सक्ने कार्यालयको अपेक्षा छ ।

कृषि उत्पादनलाई व्यवसायसँग जोड्ने उद्देश्यले सञ्चालित कार्यक्रमबाट जिल्लामा ११ वटा कृषिमा आधारित उद्यम स्थापना भएको कार्यालयले जनाएको छ । स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थलाई उपयोग गरी प्रशोधित वस्तु बजारमा पठाउने अभ्यासले कृषि क्षेत्रमा उद्यमशीलताको सम्भावना विस्तार गर्न सहयोग पुग्ने अधिकारीको भनाइ छ ।

उत्पादन बढाउनु मात्रै किसानको आय वृद्धि गर्ने पर्याप्त आधार नभएको उल्लेख गर्दै कार्यालय प्रमुख अधिकारीले उत्पादित वस्तुको प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ र बजारीकरणलाई पनि कृषि विकासको

बाँकी दोश्रो पेजमा



तनहुँको देवघाट गाउँपालिकाका कृषकले लिची तथा भर्खरै स्थापना गरिएका एभोकाडो बगैंचामा अन्तरबाली खेती (तोरी खेती) ।

तस्विर : भञ्ज्याङ

अतिक्रमित वन क्षेत्र खाली गराएर टिमुर खेती

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ स्थित तालडाँडा दादरको पाखा र कसेरी सामुदायिक वनको अतिक्रमित जमिन खाली गराएर टिमुरखेती सुरू गरिएको छ । डिभिजन वन कार्यालय तनहुँले एक दशमलव ७५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त बनाएर त्यहाँ ४०० टिमुरका बिरूवा रोपेको हो ।

वन क्षेत्रको अतिक्रमण नियन्त्रणसँगै खाली गराइएको जमिनलाई उत्पादनमूलक बनाउने उद्देश्यले टिमुर रोपिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी गराए । कार्यालयले अतिक्रमित क्षेत्र पहिचान गरी रेखाङ्कन र पोल गाडेर छुट्याएपछि वृक्षरोपण गरेको उनले बताए ।

वन क्षेत्र संरक्षणसँगै टिमुरखेतीलाई आयआर्जनसँग जोड्ने लक्ष्य राखिएको छ। टिमुरका बिरूवा हुर्किएर उत्पादन दिन थालेपछि स्थानीयस्तरमा आम्दानीको स्रोतसमेत बन्न सक्ने कार्यालयको अपेक्षा छ ।

डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार तनहुँमा ६२४ वटा सामुदायिक वनले ६४ हजार ८४२ दशमलव ४८ हेक्टर क्षेत्रफल ओगटेका छन् । त्यस्तै, दुई हजार ५६.५६ हेक्टरमा ४८५ कबुलियती वन, ३०.६२ हेक्टरमा ११ धार्मिक वन र ४२.३२ हेक्टरमा ८४ निजी वन रहेका छन् ।

जिल्लामा राष्ट्रिय वनको क्षेत्रफल १८ हजार १४० दशमलव ३४ हेक्टर रहेको कार्यालयले जनाएको छ । वन क्षेत्रको अतिक्रमण रोकथाम र संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह तथा सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको प्रमुख रानाभाटले बताए ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

पाँच इन्चको संसारले खोस्दै गएको पारिवारिक खुसी !

रिल्स र छोटा भिडियोको भीडमा हराउँदै गएको हाम्रो आत्मीयता

एकैछिन कल्पना गर्नुहोस् त, बेलुकाको समय भएको छ । दिनभर आ-आफ्ना काममा व्यस्त रहेका परिवारका सदस्यहरु अहिले एउटै कोठामा भेला भएका छन् । सोफामा हजुरबुवा विराजमान हुनुहुन्छ, उहाँकै नजिक बुबाआमा छन् र छोराछोरी पनि घरमै छन् । सबैजना सँगै छन् । तर कसैलाई पनि अर्कोसँग बोल्ने फुर्सद भने छैन । कसैको मोबाइलमा टिकटक बजिरहेको छ, कसैले फेसबुकका रिल्स हेर्दै छन्, त कोही युट्युब सर्ट्समा रमाइरहेका छन्। बीचबीचमा हाँसो गुञ्जिन्छ। तर त्यो हाँसो परिवारका सदस्यबीचको गफगाफबाट आएको होइन, बरू मोबाइलमा हेरिएको कुनै भिडियोको हो ।

कति अनौठो समय आएको हो ! एउटै घरमा बस्ने मानिसहरुले एकअर्कासँग बोल्न छाडेका छन् । तर संसारको अर्को कुनामा रहेको अपरिचित व्यक्तिको भिडियोमा घण्टौं बिताइरहेका छन् । यो कथा कुनै एउटा घरको मात्र होइन । यो त हाम्रै वरिपरिका धेरै घरमा देखिन थालेको सामान्य दृश्य हो । अझ भन्नुपर्दा, हामीमध्ये धेरैले यो दृश्यभित्र आफैंलाई भेट्टाउन सक्छौं। केही वर्षअघिसम्म साँझको समय परिवारसँग बिताउन पाइने एउटा अवसर थियो ।

गाउँघरमा आँगनको डिलमा बसेर गफ गरिन्थ्यो । हजुरबुवा-हजुरआमा आफ्ना पालाका कथा सुनाउनुहुन्थ्यो । छिमेकीहरु चिया पिउने बहानामा भेटघाट गर्थे। दिनभरिका सुखदुःख आदानप्रदान गरिन्थ्यो । कहिलेकाहीं सामान्य कुरामै लामो बहस चल्थ्यो, त कहिले सानो ठट्टाले पूरै आँगन हाँसोले भरिदिन्थ्यो। त्यतिबेला हातहातमा स्मार्टफोन थिएन। तर एकअर्काका कुरा सुन्ने समय भने थियो। आज हातमा संसार नै अटाउने मोबाइल छ । तर आफ्नै घरका मान्छेका लागि समय निकाल्न भने मुस्किल हुँदै गएको छ ।

चाडपर्व मनाउने हो कि अरूलाई देखाउने ?

दसैं र तिहार आउँदा पहिले गाउँघरमा फरक रौनक छाउँथ्यो । विदेशमा बसेका आफन्त घर फर्कन्थे। आँगनमा पिङ राखिन्थ्यो। देउसी र भैलोको तयारी सुरू हुन्थ्यो। कसले कहाँबाट आउँदै छ र कसको घरमा टीका लगाउन जाने भन्ने कुराले नै मन उत्साहित बनाउँथ्यो । आज पनि चाडपर्वहरु आउँछन् । आफन्तसँग भेटघाट हुन्छ। रमाइलो पनि हुन्छ । तर त्यो रमाइलो अनुभव गर्ने हाम्रो तरिका भने बदलिँदै गइरहेको छ ।

दसैंमा टीका लगाउन बस्नेबित्तिकै मोबाइलको क्यामेरा पहिले तयार हुन्छ । तिहारमा दिदीबहिनीले दाजुभाइलाई टीका लगाइदिँदा कुन कोणबाट भिडियो खिच्ने भन्ने चिन्ता पर्छ । कहिलेकाहीं त भिडियो राम्रो नआएपछि एउटै दृश्य फेरि दोहोऱ्याउनुपर्ने अवस्था पनि आउँछ । तस्बिर खिच्नु वा सम्झना सुरक्षित राख्नु आफैंमा नराम्रो कुरा होइन । समस्या भने त्यतिबेला सुरू हुन्छ, जब हामी सम्झना बनाउनुभन्दा त्यसलाई सामाजिक सञ्जालमा कसरी देखाउने भन्ने कुरामा बढी ध्यान दिन्छौं । चाडपर्वमा मान्यजनले दिएको आशीर्वादको अर्थ कति बुझ्यौं भन्नेभन्दा पोस्टमा कति लाइक आए भन्ने कुराले बढी चर्चा पाउन थालेको छ। हामीले चाडपर्व मनाउन छाडेका त छैनौं । तर कतै चाडपर्वलाई महसुस गर्न पो बिर्सिरहेका छौं कि ?

पाहुना आउँदा पहिले वाइफाइको पासवर्ड !

हाम्रो समाजमा पाहुनालाई सम्मान गर्ने पुरानो संस्कार छ । घरमा कोही आउँदा बस्न आग्रह गर्ने, सन्चो-बिसन्चो सोध्ने, चियापानी गराउने र समय निकालेर कुराकानी गर्ने चलन थियो । आजकाल धेरै घरमा पाहुना आएपछि थोरै औपचारिक गफगाफकै बीच एउटा प्रश्न सोधिन्छ, 'वाइफाइको पासवर्ड के हो ?' पासवर्ड थाहा पाएपछि पाहुना पनि मोबाइलमा अलमलिन्छन्, घरबेटी पनि मोबाइलतिरै लाग्छन्। एउटै कोठामा रहेका दुई जनाबीच उपेक्षाले पनि सम्बन्धमा दूरी बढाइरहेको हुन्छ ।

हजारौं फलोअर्स छन् तर मनको कुरा सुन्ने को ?

सामाजिक सञ्जालले हामीलाई पहिलेभन्दा धेरै मानिससँग जोडेको छ। फेसबुकमा सयौं साथी छन् । टिकटक र इन्स्टाग्राममा हजारौं फलोअर्स हुन सक्छन्। जन्मदिनमा शुभकामनाको लहरै आउँछ । एउटा राम्रो तस्बिर राख्नासाथ प्रशंसाका कमेन्टहरु थुप्रिन्छन्। तर कहिलेकाहीं मनमा प्रश्न उठ्छ तीमध्ये साँच्चै हाम्रो कुरा सुन्ने कति जना होलान् ?

हामी सामाजिक सञ्जालमा आफ्नो जीवनका राम्रा क्षणहरु देखाउन मन पराउँछौं । घुमघाम, नयाँ कपडा, रमाइला भेटघाट र सफलताका तस्बिरहरु पोस्ट गर्छौं । तर चिन्ता, असफलता, पारिवारिक समस्या र मनका पीडाहरु भने प्रायः पर्दाबाहिरै रहन्छन्। अरूको जीवनका यिनै छानिएका सुन्दर क्षणहरु निरन्तर हेरिरहँदा कहिलेकाहीं आफ्नै जीवन नै फिक्का लाग्न सक्छ ।

साथीले नयाँ मोबाइल किनेको छ, कोही विदेश घुम्न गएको छ, कसैले महँगो रेस्टुरेन्टमा खाना खाएको छ। यस्तो देख्दा आफ्नो जीवनमा केही पनि भइरहेको छैन कि भन्ने सोच मनमा आउन सक्छ। विशेषगरी आफ्नो भविष्यको खोजीमा रहेका युवाहरु यस्तो तुलनाबाट प्रभावित हुन सक्छन् । तर हामी एउटा कुरा बिर्सन्छौं । सामाजिक सञ्जालमा देखिने केही सेकेन्डको भिडियो कसैको सम्पूर्ण जीवन होइन ।

कसैको ३० सेकेन्डको खुसी देखेर आफ्नो २४ घण्टाको जीवनसँग तुलना गर्नु कत्तिको उचित होला ?



हाम्रो धैर्य पनि रिल्सजस्तै छोटो बन्दै छ कि ?

छोटो भिडियोको संसार रोचक छ । एउटा भिडियो सकिन नपाउँदै अर्को आउँछ । कहिले हाँसो, कहिले नाचगान, कहिले समाचार, कहिले भावुक बनाउने दृश्य । औंला चलाइरहँदा समय बितेको पत्तै हुँदैन । 'पाँच मिनेट मात्र हेर्छु' भनेर मोबाइल खोलेको मान्छेले आधा घण्टा बितिसकेको थाहा पाउँदा आफैं छक्क पर्ने अनुभव हामीमध्ये धेरैसँग होला। सोच्नुपर्ने कुरा के छ भने, यसरी लगातार नयाँ-नयाँ सामग्री हेर्ने बानीले हाम्रो दैनिक व्यवहारमा पनि असर गरिरहेको छ कि? हामीलाई लामो भिडियो हेर्न झर्को लाग्न सक्छ। किताबका केही पाना पढ्दा ध्यान अन्यत्र जान सक्छ। कसैले गम्भीर विषयमा कुरा गर्दा बीचमै मोबाइल हेर्ने बानी पर्न सक्छ ।

निश्चय नै यसको सबै दोष रिल्सलाई मात्र दिन मिल्दैन । तर आफ्नो समय र ध्यान कहाँ खर्च भइरहेको छ भन्ने विषयमा प्रश्न गर्न भने जरूरी छ । कुनै समय मानिसहरु घण्टौंसम्म बसेर कथा सुन्ने गर्थे । आजकल कहिलेकाहीं आफ्नै आमाबुबाले भन्न खोजेको कुरा पूरै सुन्नसमेत हामीलाई हतार लाग्छ । बुबाले दिनभरि के भयो भनेर सोध्नुहुँदा हामी 'ठिकै छ' भनेर टार्छौं । आमाले केही कुरा सुनाउन खोज्नुहुँदा हामी 'पछि कुरा गरौंला' भन्छौं । तर मोबाइलमा अपरिचित मानिसको जीवन हेर्न भने हामी समय निकाल्छौं । के हामीले आफ्नो प्राथमिकता नै उल्टो बनाइरहेका छैनौं ?

प्रविधि दोषी होइन, हामीले आफ्नो बानी बदल्नुपर्छ

यति भन्दै गर्दा सामाजिक सञ्जाललाई मात्र नकारात्मक दृष्टिले हेर्नु पनि ठीक हुँदैन । यही प्रविधिकै कारण विदेशमा रहेका छोराछोरी गाउँमा बस्ने आमाबुबासँग जोडिएका छन् । वर्षौंसम्म भेट्न नपाएका आफन्तले भिडियो कलमार्फत एकअर्कालाई अनुहार देख्न पाएका छन्। गाउँमा लुकेर रहेका प्रतिभाले आफ्नो कला संसारसामु पुऱ्याएका छन् । युवाहरूले नयाँ कुरा सिक्न, व्यवसाय गर्न र आफ्ना विचार व्यक्त गर्ने अवसर पाएका छन्। सामाजिक सञ्जाल सूचना, शिक्षा, मनोरञ्जन र अवसरको एक महत्वपूर्ण माध्यम बनेको छ । यसको उपयोगितालाई अस्वीकार गर्न सकिँदैन । तर उपयोग र निर्भरताबीच भने फरक हुन्छ ।

मोबाइल हाम्रो आवश्यकता हो । तर हरेक खाली समय मोबाइलमै बिताउनैपर्छ भन्ने चाहिँ छैन। सामाजिक सञ्जालमा जोडिनु राम्रो कुरा हो, तर त्यसैका कारण आफ्नै परिवारसँगको सम्बन्ध कमजोर पार्नु राम्रो होइन। हामीले आफ्ना सन्तानलाई मोबाइल चलाउन सिकायौं, तर कहिले मोबाइल थन्क्याएर परिवारसँग बस्नुपर्छ भन्ने पनि सिकाउनुपर्छ । यो जिम्मेवारी बालबालिकाको मात्र होइन । अभिभावक आफैं घण्टौं मोबाइलमा व्यस्त भएर छोराछोरीलाई मात्र मोबाइल नचलाउन भन्नु पनि विरोधाभासपूर्ण हुन्छ।

कम्तीमा भोजन गर्ने समयमा मोबाइललाई अलिकति टाढा राख्न सकिन्छ। साँझको समयमा परिवारसँग केही समय गफगाफ गर्न सकिन्छ । पाहुना आएको बेला सूचनाहरूभन्दा उनीहरूसँगको वार्तालाई प्राथमिकता दिन सकिन्छ। चाडपर्वका बेला फोटो खिच्नुअघि त्यस क्षणलाई मनभित्रै महसुस गर्न सकिन्छ। यस्ता सानातिना अभ्यासले नै परिवारभित्र हराउँदै गएको संवादलाई पुनः जीवन्त बनाउन सक्छन् ।

अन्त्यमा, आफैंलाई एउटा प्रश्न- हामी कति छिटो परिवर्तन भयौं, हैन ? कुनै समय चिठीको प्रतीक्षामा दिन काट्ने समाज आज सन्देश पठाएको केही सेकेन्डभित्रै जवाफ नआए अधीर हुन्छ । टाढा रहेका व्यक्तिसँग क्षणभरमै कुरा गर्न सक्ने भएका छौं, तर नजिकै बसेकासँग बोल्ने बानी भने क्रमशः कमजोर बन्दै गएको छ । हामीकहाँ हजारौं फोटो, सयौं भिडियो र अनगिन्ती डिजिटल सम्झनाहरु छन्। तर ती सम्झनासँगै बिताएका क्षणहरूलाई साँच्चै कति महसुस गरेका छौं ?

समय बित्दै जाँदा मोबाइलहरु फेरिनेछन् । आज भाइरल भएका भिडियोहरु भोलि बिर्सिनेछन् । सामाजिक सञ्जालका ट्रेन्डहरु पनि फेरिँदै रहनेछन् ।तर आमाबुबासँग बसेर गरेको एउटा आत्मीय कुराकानी, हजुरआमाले सुनाएको पुरानो कथा, साथीहरूसँग खुलेर हाँसेको साँझ र परिवारसँग बिताएको न्यानो समयको महत्व कुनै लाइक वा भ्युजले नाप्न सक्दैन ।

त्यसैले आज एउटा सानो काम गरौं। मोबाइललाई केहीबेर छेउमा राखौं। घरमा रहेका मानिसहरूको अनुहार हेरौं । उनीहरूका कुरा सुनौं। दिन कसरी बित्यो? भनेर सोधौं । इन्टरनेटले हराएको सम्पर्क भने पुनः जोड्न सकिन्छ । तर आफ्ना प्रियजनसँग बिताउन नपाएको समय भने कहिल्यै फिर्ता आउँदैन। मोबाइलमै संसार खोज्दै जाँदा हामी आफ्नै घरभित्रको संसार हराइरहेका छैनौं र? नेपालप्रेसबाट

कृषिउपजको मूल्य बढाउँदै .....

अभिन्न अंग बनाउनुपर्ने बताए । किसानले उत्पादन गरेको वस्तुको गुणस्तर र बजार पहिचान स्थापित गर्न सके कृषि पेसालाई थप व्यावसायिक बनाउन सकिने उनको धारणा छ । कार्यक्रममा महिलाको सहभागिता उल्लेख्य देखिएको छ । कुल लाभान्वित १०८ जनामध्ये ६८ जना महिला रहेकाले कृषि उत्पादनमा संलग्न महिलालाई प्रशोधन तथा उद्यम सञ्चालन मार्फत आयआर्जनमा जोड्नसमेत कार्यक्रमले सहयोग पुऱ्याएको कार्यालयले जनाएको छ ।

स्थानीय उत्पादनलाई कच्चा पदार्थकै रूपमा बिक्री गर्नुपर्ने अवस्थाबाट माथि उठाउँदै प्रशोधित वस्तु बजारमा पुऱ्याउने अभ्यास विस्तार गर्न सके किसानले आफ्नो उत्पादनको थप मूल्य प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ। यसका लागि उत्पादनसँगै प्रशोधन क्षमता, उत्पादनको गुणस्तर, ब्राण्ड पहिचान र बजारको सुनिश्चितताालाई जोडेर लैजानुपर्ने देखिन्छ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

तपाईको आज

मेष
रोकिएका काम अघि बढ्नेछन्। व्यापार व्यवसायमा नयाँ अवसर प्राप्त हुन सक्छ ।

वृष
आर्थिक पक्ष सबल बन्नेछ। स्वास्थ्यमा सामान्य समस्या देखिन सक्ने भएकाले खानपानमा ध्यान दिनुहोला।

मिथुन
बोली र व्यवहारबाट अरूको मन जित्न सकिनेछ । अध्ययन तथा लेखन क्षेत्रमा प्रगति हुनेछ ।

कर्कट
आर्थिक पक्षमा सुधार आउने संकेत छ । रोकिएको धन प्राप्त हुन सक्छ । कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ ।

सिंह
आत्मबल र कार्यक्षमतामा वृद्धि हुनेछ । सामाजिक तथा व्यावसायिक क्षेत्रमा मानसम्मान बढ्नेछ ।

कन्या
काममा केही चुनौती सामना गर्नुपर्ने हुन सक्छ । धैर्य र लगनशीलताले समस्या समाधान गर्न सकिनेछ ।

तुला
नयाँ काम र योजनाका लागि दिन अनुकूल रहनेछ । व्यापार व्यवसायमा लाभ मिल्ने सम्भावना छ ।

वृश्चिक
कार्यक्षेत्रमा आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ। रोकिएका कामले गति लिनेछन् ।

धनु
नयाँ ज्ञान र अनुभव हासिल गर्ने अवसर मिल्नेछ । पेसा तथा व्यवसायमा सकारात्मक परिवर्तन आउन सक्छ ।

मकर
आर्थिक कारोबारमा सावधानी, पारिवारिक जिम्मेवारी बढ्ने, पुराना समस्या समाधान हुने ।

कुम्भ
साझेदारीका कामबाट फाइदा पुग्नेछ । नयाँ योजना कार्यान्वयन गर्न सकिनेछ । सामाजिक सम्बन्ध विस्तार हुनेछ ।

मीन
मेहनतको उचित प्रतिफल प्राप्त हुन सक्छ । प्रतिस्पर्धात्मक काममा सफलता मिल्ने सम्भावना छ।



पर्यटक कुरिराखेका फेवातालका डुंगा : पर्यटकीय राजधानी पोखरास्थित फेवातालमा पर्यटक कुरिराखेका डुंगा र पृष्ठभूमिमा देखिएको माछापुच्छ्रे लगायतका हिमश्रृंखला । *तस्विर : भञ्ज्याङ*

तनहुँमा सुन्तला बगैंचा सुधार र विस्तार गर्न ५४ लाख

भञ्ज्याङ समाचारदाता/तनहुँ

उत्पादन घट्दै गएका पुराना बगैंचाको पुनःव्यवस्थापन र नयाँ क्षेत्रमा खेती विस्तार गरी तनहुँमा सुन्तला उत्पादन बढाइने भएको छ । कृषि विकास कार्यालय तनहुँले सुन्तला खेतीलाई व्यावसायिक बनाउँदै किसानको आम्दानी वृद्धि गर्ने उद्देश्यले बगैंचा सुदृढीकरण तथा क्षेत्र विस्तारका लागि ५४ लाख रूपैयाँ विनियोजन गरेको छ।

कार्यालयले पुराना बोटको काँटछाँट, बगैंचाको सरसफाइ, मलखाद व्यवस्थापन तथा रोग र किरा नियन्त्रणका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । उत्पादन क्षमता घटेका बगैंचालाई सुधार गर्नुका साथै सुन्तला खेतीका लागि उपयुक्त नयाँ क्षेत्रमा बिरूवा रोपेर खेती विस्तार गरिने कृषि विकास कार्यालयका सूचना अधिकारी किरण परियारले बताए।

उनका अनुसार सुन्तलाका बोटको उचित स्याहार र रोग तथा किराको समयमै नियन्त्रण हुन नसक्दा उत्पादनमा गिरावट आउने भएकाले बगैंचा व्यवस्थापनलाई प्राथमिकता दिइएको हो । कार्यक्रमअन्तर्गत किसानलाई आवश्यक प्राविधिक सेवा र खेती व्यवस्थापनसम्बन्धी परामर्शसमेत उपलब्ध गराइनेछ ।

तनहुँमा हाल एक हजार ६७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । आर्थिक वर्ष २०८२/८३ मा फलफूल बगैंचा व्यवस्थापन तथा क्षेत्र विस्तारका लागि ३७ लाख ५० हजार रूपैयाँ विनियोजन गरिएको थियो। कार्यालयका अनुसार गत आर्थिक वर्ष जिल्लामा ११ हजार ८२२ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । उत्पादित सुन्तला बिक्रीबाट किसानले ४२ करोड ५० लाख रूपैयाँ आम्दानी गरेका थिए। उत्पादन क्षेत्र विस्तारसँगै पुराना बगैंचाको उत्पादकत्व सुधार गर्न सके जिल्लाको सुन्तला खेतीबाट हुने आम्दानी थप बढ्ने अपेक्षा गरिएको छ ।

bhanjyangnews.com

चार महिनामा मुस्ताङमा १ लाख १२ हजार पर्यटक

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

मुस्ताङमा चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चार महिनामा एक लाख १२ हजार ४८ जना स्वदेशी तथा विदेशी पर्यटकले भ्रमण गरेका छन् । बर्खायाम र भदौ-असोजमा आएको बाढीपहिरोका कारण प्रभावित बनेको पर्यटन क्षेत्र चाडपर्वपछि पुनः चलायमान भएको हो । कात्तिकमा मात्रै ४१ हजारभन्दा बढी पर्यटक मुस्ताङ पुगेका छन्।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार साउनदेखि कात्तिकसम्म ५४ हजार २१७ जना विदेशी र ५७ हजार ८३१ जना स्वदेशी पर्यटक मुस्ताङ भित्रिएका छन् । कुल पर्यटकमध्ये स्वदेशीको हिस्सा ५१.६ प्रतिशत र विदेशीको ४८.४ प्रतिशत रहेको छ। चार महिनाको अवधिमा कात्तिकमा सबैभन्दा बढी ४१ हजार ७०७ जना पर्यटक आएका छन् । तीमध्ये २१ हजार ५७८ जना स्वदेशी र २० हजार १२९ जना विदेशी पर्यटक हुन् । चाडपर्वको बिदा र अनुकूल मौसमका कारण कात्तिकमा आन्तरिक पर्यटकको आगमन बढेको हो ।

यसअघि साउनमा ३० हजार ५३४, भदौमा २० हजार २६८ र असोजमा १९ हजार ५३९ जना पर्यटक आएका थिए । विदेशी पर्यटकको आगमन भने साउनमा १८ हजार ६७०, भदौमा नौ हजार ७७५, असोजमा पाँच हजार ६४३ र कात्तिकमा २० हजार १२९ रहेको छ। असोजमा विदेशी पर्यटकको आगमन चार महिनाकै न्यून देखिएको थियो ।

यस अवधिमा ६९ हजार ७४६ वटा सवारीसाधन मुस्ताङ भित्रिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । भदौमा बाढीको त्रास र असोजमा कालीगण्डकी नदीको कटानका कारण सडक अवरूद्ध हुँदा पर्यटक आगमन प्रभावित भएको मुस्ताङ उद्योग वाणिज्य संघका अध्यक्ष राजु लालचनले बताए ।

मुस्ताङ भित्रिने पर्यटकको विवरण सीमाक्षेत्र घाँसा र अर्धनिषेधित क्षेत्र वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३, छुसाङस्थित प्रवेशद्वारका चेकपोस्टमा संकलन गरिन्छ । फर्किने पर्यटकको विवरण लेते प्रहरी चौकीले राख्ने गरेको छ। होटल व्यवसायी सुरज तुलाचनले यस वर्ष बाढीपहिरोका कारण मुख्य पर्यटकीय सिजनमै व्यवसाय प्रभावित भएको बताए । कात्तिकमा पर्यटकको आगमन बढेपछि केही राहत भएपनि जाडोयाम सुरू भएसँगै व्यवसाय फेरि सुस्ताउने उनको भनाइ छ । उनले भने, "कात्तिक महिनाको आगमनले राहत महसुस गरिएको छ, अब जाडोयाम सुरू भयो, तीन महिना सुनसान हुन्छ ।"

मुस्ताङ आउने अधिकांश आन्तरिक पर्यटक प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर पुग्ने गरेका छन् । मुक्तिनाथसँगै प्राचीन गुफा, मानव निर्मित गुफा, गुम्बा, परम्परागत बस्ती, उजाड पहाड, स्थानीय कला, संस्कृति र अनुकूल हावापानीले पर्यटकलाई आकर्षित गर्ने गरेका छन् ।

पछिल्लो समय बेनी-जोमसोम-कोरला सडक कालोपत्रे भएपछि दुईपाङ्ग्रे सवारीसाधनमा मुस्ताङ घुम्न जाने पर्यटकको सत्यासमेत बढेको छ । लेतेदेखि लोमान्थाङसम्म करिब तीन सय साना तथा ठूला होटल सञ्चालनमा छन् । सडक पहुँच र पर्यटकीय आकर्षण विस्तारसँगै मुस्ताङको पर्यटनमा सम्भावना बढे पनि बाढीपहिरो, मौसमी प्रतिकूलता र जाडोयाममा हुने पर्यटकको न्यून आगमन व्यवसायीका लागि चुनौती बन्दै आएको छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
मंसिर ०६ गते आइतबार
१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश
नगर लोककल्याणकारी सन्देश





जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



ग्रामीण सडकको कालोपत्र : तनहुँको आँवुखैरेनी गाउँपालिकाको वडा नं. ५ र ६ स्थित छिम्केश्वरी-भोटेश्वाँरा गाउँको लाब्दी तर्फ सडक कालोपत्र गरिदै । ग्रामीण सडकहरूमा कालोपत्र कार्य अगाडि बढाइएसंगै स्थानीयको यात्रा तथा सवारी साधान सञ्चालनमा सहज बन्दै गएको छ ।

तस्विर : भञ्ज्याङ

सुदूरपश्चिम एनपीएल च्याम्पियन

भञ्ज्याङ समाचारदाता/काठमाडौं

भेट्रान स्कटिस ब्याटर जर्ज मुन्सीले सानदार शतक बनाएपछि सुदूरपश्चिम रोयल्सले तेस्रो सिजनमा आएर नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको पहिलो उपाधि जितेको छ । सुदूरपश्चिमले शनिबार भएको फाइनलमा लुम्बिनी लायन्सलाई १० विकेटले पराजित गऱ्यो । मुन्सीले १ सय १९ रन बनाउनका साथै विनोद भण्डारीसँग पहिलो विकेटमा कीर्तिमानी साझेदारी गरेपछि सुदूरपश्चिमले १ सय ५६ रनको लक्ष्य १३.३ ओभरमै पूरा गरेको थियो । यसअघि टस हारेपछि ब्याटिङमा आएको लुम्बिनी लायन्सले निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय ५५ रन बनाएको थियो ।

सुदूरपश्चिमले अघिल्ला दुई सिजनको फाइनलमा पराजित भएको पीडालाई बिर्साउँदै सानदार ढंगमा उपाधि जित्न सफल भएको हो । गत वर्ष लुम्बिनीले सुदूरपश्चिमलाई नै एकतर्फी फाइनलमा पराजित गरेको थियो। लगातार तेस्रो वर्ष फाइनल खेलिरहेको सुदूरपश्चिम पहिलो सिजनको फाइनलमा पनि जनकपुर बोल्ट्ससँग पराजित रहेको थियो।

यस सिजनमा लुम्बिनीसँग लिग चरण र क्वालिफायर १ मा गरी सुदूरपश्चिम दुई पटक पराजित भएको थियो । दुवै पटक टोलीले निराशाजनक ब्याटिङ गरेको थियो । तर मुन्सी र विनोद भण्डारीले उत्कृष्ट साझेदारी गरेपछि सुदूरपश्चिमले कठिन विकेटमा ठूलो लक्ष्य सजिलै पछ्याएको थियो । मुन्सीले ५४ बलमा अविजित १ सय २५ रन बनाए । उनले कुल ८ चौका र १२ छक्का प्रहार गरे। शेर मल्लको बलमा मुन्सीले लगातार तीन छक्का प्रहार गरेपछि सुदूरपश्चिमले ३९ बल अगाडि १ सय ५८ रन जोडेको थियो । मुन्सीले पाएको एक जीवनदानको पूरा फाइदा उठाए । मुन्सी ४४ रनमा भएको समयमा सन्दीप जोराले मिडविकेटमा क्याच छाड्न पुगेका थिए । मुन्सीले २८ बलमा अर्धशतक र ४९ बलमा शतक पूरा गरेका थिए । उनका ओपनिङ जोडी विनोदले २७ बल खेली ३ चौकासहित अविजित ३० रन बनाए।

यसअघि लुम्बिनीबाट दिलीप नाथले सर्वाधिक ३९ रन बनाई अविजित रहे । ३१ बल खेलेका उनले ३ छक्का प्रहार गरे । दिलीप र अली शेखले छैटौं विकेटमा १९ बलमा ३३ रनको साझेदारी गरेपछि लुम्बिनीले १ सय ५० रनको स्कोरलाई छोएको थियो । लुम्बिनीले अन्तिम ५ ओभरमा ४७ रन जोडेको थियो । अमेरिकी ब्याटर अलीले १२ बल खेली समान २ चौका र छक्का प्रहार गर्दै २४ रन बनाए । उनको स्थानमा आएका रूबेल ट्रम्पलम्यान २ बलमा ४ रन बनाई अविजित रहे। दिलीपले सर्वाधिक ३९ रन बनाई अविजित रहे ।

नेपाली राष्ट्रिय टोलीका ओपनर आसिफ शेखले पुनः लुम्बिनीलाई निराश बनाए । उनी १ रनमात्र बनाई स्कट कुग्लेनको बलमा एलबीडब्लु आउट भए । अर्का ओपनर डीआरसी शर्टले १८ बलमा २१ रन बनाए । उनले चार चौका प्रहार गरे । पहिलो पावर प्लेको अन्तिम ओभर लिएर आएका कप्तान दीपेन्द्र सिंह ऐरीले शर्टलाई बोल्ड गरे ।

निरोशन डिकवेलाले १७ बलमा २८ रन जोडे । उनले १ चौका र २ छक्का प्रहार गरे । अर्का श्रीलंकाली खेलाडी थारिन्दु रत्नायकेले उनलाई बोल्ड गरे । कप्तान रोहित पौडेलले ३० रन बनाए । दिलीप नाथको कलमा रन आउट हुन पुगेका रोहितले ३१ बल खेल्दै २ चौका प्रहार गरे। सन्दीप जोरा ४ रनमै आउट भए। सुदूरपश्चिमबाट कुग्लेनले २ विकेट लिँदै प्रतियोगितामा आफ्नो विकेट संख्या १५ पुऱ्याए। उनी सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा चितवन राइनोजका रिजन ढकालभन्दा २ विकेटले पछाडि छन् । कुग्लेनले ४ ओभरमा २५ रनमात्र खर्चे । हेमन्त धामी, रत्नायके र दीपेन्द्रले १-१ विकेट लिए ।



facebook twitter



Deepak Raj Joshi
x.com/kapeed

विगत १० महिनामा वैदेशिक रोजगारीका लागि १ लाख २१ हजार ८७९ जना नेपालीले देश छोडेका छन् भने उच्च शिक्षाका लागि ६८ हजार ५३४ विद्यार्थी नेपालबाट बाहिरिएका छन्। यसमा भारतमा रोजगारी र अध्ययनका लागि गएका नेपालीहरूको तथ्याङ्क समावेश छैन।

यी तथ्याङ्कले हाम्रो देशको वर्तमान अवस्था र भविष्यको दिशाबारे गम्भीर प्रश्न उठाएका छन्।

चुनावका बेला विदेशका गल्लीगल्लीबाट नेपालीलाई स्वदेश फर्काउँछौं, यहीं रोजगारी सिर्जना गर्छौं, युवालाई देशमै भविष्य देखाउँछौं भन्दै भोट माग्ने राजनीतिक दल र नेताहरूले अब अर्को चुनावमा जनतासामु के भनेर जाने भन्ने कुरा अहिल्यै सोचेर राखे हुन्छ ।

हरेक चुनावमा आश्वासन फेरिन्छन्, नारा फेरिन्छन्, अनुहार फेरिन्छन्; तर देश छोडेर जाने युवाको लर्को रोकिँदैन।

हुन त हाम्रो समस्या राजनीतिक नेतृत्वमा मात्र सीमित छैन । हामी नेपालीमा पनि कसैले जे भन्यो, त्यसकै पछि लाग्ने अनौठो प्रवृत्ति छ। प्रश्न नगर्ने, हिसाब नमाग्ने र पुरानै आश्वासनमा फेरि विश्वास गर्ने रोग लागेको छ। विडम्बना के भने, यो रोगको न उपचार खोजिएको छ, न औषधि नै।

देश युवाविहीन हुँदै जाने, नेता आश्वासन बाँडिरहने र जनता हरेक चुनावमा तिनै आश्वासनको पछि लागिरहने आखिर यो चक्र कहिलेसम्म ?

स्थानीय तह र सार्वजनिक संस्थान फाइनलमा

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको दमौलीमा कर दिवसको अवसरमा कर्मचारी मिलन केन्द्रको आयोजना र आन्तरिक राजस्व कार्यालय दमौलीको सहआयोजनामा शनिबार भएको खेलमा स्थानीय तहले संघ/प्रदेश कार्यालयलाई ट्राइब्रेकरमा ५-३ गोलअन्तरले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो। निर्धारित समयमा दुवै टोलीले २-२ गोलको बराबरी खेलेका थिए ।



फुटबल प्रतियोगिता सञ्चालन गरिएको छ । शनिबार भएको प्रतियोगिताको फाइनलमा स्थानीय तह र सार्वजनिक संस्थानबीच प्रतिस्पर्धा हुने भएको छ ।

व्यास नगरपालिका-३ स्थित बीपी वनवाटिका खेलमैदानमा यस्तै, सार्वजनिक संस्थानले पत्रकार महासंघ तनहुँलाई ३-० ले पराजित गरेको थियो । प्रतियोगिताको फाइनल खेल आइतबार स्थानीय तह र सार्वजनिक संस्थानबीच हुने आयोजकले जनाएको छ ।

एमसीएले न्यू बुटवल-न्यू दमौली प्रसारण लाइन निर्माण सुरू गऱ्यो

भञ्ज्याङ समाचारदाता/दमौली

एमसीसी अन्तर्गत एमसीए-नेपालले न्यू बुटवल सबस्टेशनदेखि न्यू दमौली सबस्टेशनसम्मको ४०० केभि दोहोरो सर्किटयुक्त प्रसारण लाइनको निर्माण सुरू गरेको छ । तनहुँ र पाल्पा जिल्लाबाट निर्माण प्रारम्भ गरिएको हो ।



एमसीसी नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजनाले निर्माण गर्ने ३१५ किमि लामो प्रसारण लाइनमध्ये ९० किमि लामो यो खण्ड अन्तर्गत तनहुँ, पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २५० वटा प्रसारण टावर निर्माण हुनेछन्।

यो वृहत् विद्युत् प्रसारण सञ्जालले नेपालको ऊर्जा सुरक्षा सबलीकरण गर्नुका साथै उत्पादित विद्युत् राष्ट्रिय प्रसारण ग्रिडमा जोड्नेछ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४